कुनै पनि राम्रो कामलाई कहिले पनि तुच्छ नठान्नु, चाहे त्यो आफ्नो भाइलाई मुसुक्क हाँसेर भेट्नु नै किन नहोस ।

अबू-जर (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो : "कुनै पनि राम्रो कामलाई कहिले पनि तुच्छ नठान्नु, चाहे त्यो आफ्नो
भाइलाई मुसुक्क हाँसेर भेट्नु नै किन नहोस ।" [सही] [मुस्लिमले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले पुण्य कर्म गर्न र थोरै वा सानो भए पनि राम्रो कामलाई तुच्छ ठान्नु हुँदैन भनेर प्रोत्साहन दिनुभयो, जस्तैः भेट्दा मुस्कुराउनु । तसर्थ, प्रत्येक मुस्लिमले यसमा ध्यान दिनुपर्छ, किनभने यसले प्रेमको भावना र खुशी सृजना गर्छ ।

http://sunnah.global/hadeeth/ne/show/5348